निर्णयहरु :–

निर्णय नं. १

कार्यपालिका बैठकमा पेश हुन आयको मालिका गाउँपालिकाको **'सडक मापदण्ड, २०८०'** स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

कार्यपालिका बैठकमा पेश हुन आयको मालिका गाउँपालिकाको **'स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन/संचालन कार्यविधि, २०८०'** स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

गाउँपालिकाको प्रशासकीय भवन, वडानं. १ को वडा कार्यालय भवन र वडानं. ७ को वडा कार्यालय भवनको जग्गाको लागि नि:शुल्क जग्गा प्राप्त गर्नको लागि सूचना प्रकाशित गरिएकोमा कसैको पनि निवेदन नरेपछि सशुल्कको निवेदनको लागि सूचना प्रकाशित गरेकोमा गाउँपालिकाको प्रशासकीय भवन तथा वडानं. १ र ७ को वडा कार्यालय भवनको जग्गा प्राप्तीको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**क)प्रशासकीय भवन सम्बन्धमा :–**प्रशासकीय भवनको लागि सशुल्क मालिका गाउँपालिका वडा नं. ६ बस्ने तिर्थेन्द्र गौचनको मालिका गाउँपालिका वडा नं. ६ साविक दरवाङ गाविस वडा नं. १ मा रहेको कि.नं. १ क १११ को क्षेत्रफल ३–०–३–२ र मालिका गाउँपालिका वडा नं. ६ बस्ने ज्ञान वहादुर गौचनको मालिका गाउँपालिका वडा नं. ६ साविक दरवाङ गाविस वडा नं. १ मा रहेको कि.नं. १ क १२० को क्षेत्रफल २–४–१–१ को जग्गा प्राप्ती गर्न जग्गा प्राप्ती ऐन, २०३४ अनुसार प्रक्रिया अगाडी वढाउने र त्यसको लागि हुने संपुर्ण खर्च गाउँपालिकाले व्यहोर्ने ।

**ख) वडानं. ७ को वडा कार्यालय भवन सम्बन्धमा :–** वडा कार्यालय भवनको लागि सशुल्क मालिका गाउँपालिका वडा नं. ७ बस्ने चन्द्र प्रसाद सुनारको मालिका गाउँपालिका वडा नं. ७ साविक विम गाविस वडा नं. २ मा रहेको कि.नं. ३४० को क्षेत्रफल ३–५–०–२, मालिका गाउँपालिका वडा नं. ७ वस्ने मन वहादुर जुग्जालीको मालिका गाउँपालिका वडा नं. ७ साविक विम गाविस वडा नं. २ मा रहेको कि.नं. ३७९ को क्षेत्रफल ६–६–१–० र मालिका गाउँपालिका वडा नं. ७ वस्ने हस्तीमा जुग्जालीको मालिका गाउँपालिका वडा नं. ७ साविक विम गाविस वडा नं. २ मा रहेको कि.नं. ३७७ को क्षेत्रफल ५–९–०–० को जग्गा प्राप्ती गर्न जग्गा प्राप्ती ऐन, २०३४ अनुसार प्रक्रिया अगाडी वढाउने र त्यसको लागि हुने संपुर्ण खर्च गाउँपालिकाले व्यहोर्ने ।

ग) **प्रारम्भिक कारबाई चलाउने अधिकारी सम्बन्धमा :**–मालिका गाउँपालिकाको प्रशासकीय भवन तथा वडा नं. ७ को वडा कार्यालय भवनको जग्गा प्राप्त गर्ने कुराको निर्णय गर्न र प्रारम्भिक कारवाइ चलाउनको लागि जग्गा प्राप्ती ऐन, २०३४ को दफा ५(१) अनुसार प्रमुख प्रशासकीय अधिकृत श्री चूर्ण वहादुर कार्कीलाई जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारबाई चलाउने अधिकारी तोक्ने निर्णय गरियो ।

**निर्णय न. ४**

हिन्दुहरुको महान चाड दशैं तथा दिपावली नजिक आईरहेको र वर्षा पनि कम हुँदै गईरहेकोले वडामा खर्च गर्ने गरि छुट्टाईएको विपत अर्न्तगतको स्वीकृत वार्षिक वडा नं. ३ वाहेक सवै वडामा एकमुष्ठ रहेकोले वडा समितिको बैठकबाट मर्मत गर्नुपर्ने सडकको लागि रकम विनियोजन गरि गाउँपालिकामा पेश गर्नुको साथै सडक मर्मत तथा सरसफाई कार्य तत्काल अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ अनुमोदन**

क) योजनाको सफटवयर जडान (सेवा परामर्श शिर्षक) रु ४९७२०० ।

ख) रुमखोला लघु जलविद्युत परियोजना मर्मत (विपत शिर्षक) रु २६०००० ।

ग) शिद्धआधारभुत विद्यालय जस्तापाता (विपत शिर्षक) रु ९१४८८ ।

घ) वडा नं ४ को वडा कार्यालय तथा स्वास्थ्य चौकिको रिक्त कार्यालय सहयोगीको करार नियुक्तिको सूचना तथा वडानं. ५ को एक गाउँ एक प्राविधिक (कृषि) ।

**निर्णय नं. ६**

अर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० मा संघीय सरकार र गण्डकी प्रदेश सरकार समपुरक तथा विशेष अनुदान अर्न्तगत मालिका गाउँपालिकामा संचालन भई तोकिएको संझौताको म्याद भित्र संपन्न हुन नसकेका र म्याद थपको लागि माग भई आएका तपसिल अनुसारका योजनाहरुको म्याद समाप्त भएको मितिले बढीमा ९०(नब्बे) दिन म्याद थप गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरिन्छ ।

| सिनं | योजनाको नाम | निर्माण कम्पनीको नाम र ठेगाना | म्याद समाप्त भएको मिति |
|---|---|---|---|
| १ | रुम स्वस्थ्य चौकि निर्माण | मालिका भगवती कन्स्ट्रक्सन वेनी | २०८० भाद्र ३१ गते |
| २ | शिद्धार्थ मावि भवन निर्माण | मनिषा निर्माण सेवा बानपा १ | २०८० भाद्र ३१ गते |
| ५ | डाडागाउँ स्वस्थ्य चौकि निर्माण | अमिन अस्कर निर्माण सेवा | २०८० भाद्र ३० गते |
| ६ | खाग विम सडक स्तरोन्नती र नयाँ शाखाबाटो निर्माण (अर्कला देखि बाईनफाट) | आचार्य वि.के. कन्स्ट्रक्सन | २०८० भाद्र ३० गते |
| ७ | अधिभार ताक्से रुम सडक स्तरोन्नती | आचार्य वि.के. कन्स्ट्रक्सन | २०८० भाद्र ३० गते |

निर्णय नं. ७ विविध

क. वडा न. ४ वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगीलाई वडा नं. ४ को ओखरबोट सामुदायीक स्वास्थ्य इकाईमा पठाउने ।

ख. पिकअप बोलेरो जीप कार्यालय प्रयोजनको लागि भाडामा लिन प्रक्रिया अगाडी बढाउने ।

ग. मिति २०८०।०३।०८ गते पैह्रोमा परि वडानं. २ बस्ने वर्ष ४८ का तिर्थ वहादुर विकको मृत्यु भएकोले हार्दिक श्रन्जाली व्यक्त गर्दै निजको परिवारलाई विपतबाट रु २५(पच्चिस)हजार उपलब्ध गर्ने

घ. मिति २०८०।०३।०९ गते राती वडा नं. ४ महभीरमा पैह्रो गै धनसार भत्कीदा रविलाल घर्तिको रागो तथा गोरुको मृत्यु भएकोले विपतबाट दुईटाको निजलाई रु २५(पच्चिस) हजार उपलब्ध गर्ने ।

ङ. मिति २०८०।०४।२८ वडा नं. ६ दिच्याङ बस्ने चन्द्र वहादुर सुनारको घरमा आगो लागि भई दुई तले घर पूर्ण क्षति भएकोले विपतबाट रु ५० (पचास) हजार उपलब्ध गर्ने ।

च. मिति २०८०।०३।०९ गते राती वडा नं. ४ महभीरमा पैह्रो गै काले कामीको क्षति भएकोले विपतबाट निजलाई रु २५(पच्चिस) हजार उपलब्ध गर्ने ।

छ. पैह्रो गई वडा नं. ४ बस्ने हेमलाल सापकोटाको धान, कोदो तथा केरावारी नष्ट भएकोले विपतबाट निजलाई रु १५(पन्ध्र) हजार उपलब्ध गर्ने ।

ज. पैह्रो गई वडा नं. ३ बस्ने बुद्धिमान कामीको घरको पाली भत्कनुको साथै घरमा वस्न नसकिने भएकोले विपतबाट निजलाई रु १५(पन्ध्र) हजार र टिन उपलब्ध गर्ने ।

झ. वडा नं. ३ कोवेली भन्ने स्थानमा मिति २०८०।०३।०२ गते पैह्रो गई वल वहादुर पुनको घर जोखिममा परेको उक्त पैह्रो नियन्त्रणको लागि विपतबाट निजलाई रु १५(पन्ध्र) हजार उपलब्ध गर्ने ।